सिरहा जिल्ला स्थित कार्यालय प्रमुख तथा सुशासन ईकाई प्रमुखहरुको संयुक्त मासिक बैठक आज मिति २०७७ कार्तिक ५ गते बुधवार दिनको ३:०० बजे प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलको संयोजकत्वमा -भर्चुअल माध्यवाट आयोजना गरियो ।

Meeting Id : 530 477 3907
Passcode : 4KFtvM
सहमागी संख्या :

<u>भर्चुअल बैठकमा उठान भएका विषयवस्तु एवं निर्णय :</u>

१. २०७७ को आसन्न दशै, तिहार तथा छठ पर्वमा भिडभाड नगरी- सार्वजनिक स्थानमा नगई घर घरमै मनाउने कार्यलाई राष्ट्र सेवक समुदायले पनि अवलम्वन गर्ने गराउने ।

यस अवसरमा शुभ कामना आदान प्रदान भयो ।

२. सार्वजनिक विदा/पर्वको समयमा आ-आफ्नो कार्यालयको आन्तरिक सुरक्षा व्यवस्था प्रभावकारी रुपमा सुनिश्चित गरी पालो पहरा बस्ने तथा सुपरीवेक्षण गर्ने समेतको दर्जा, नाम थर र सम्पर्क नम्वर जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय एवम् नजिकको सुरक्षा यूनिट समेतलाई अग्रिम जानकारी दिने ।

३. पर्वको सार्वजनिक विदा सकिन साथ समय मै कार्यालयमा हाजिर भै कार्य सम्पादन गर्ने गराउने यसरी काम गर्दा जन स्वास्थ्य तथा सुरक्षाको मापदण्ड/प्रोटोकललाई अनिवार्य रुपमा पालना गर्ने गराउने ।

४. कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरण गर्ने सम्वन्धि नेपाल सरकार-मन्त्रिपरिषद् कार्यालयको च.नं. म.बै./३२१/१५९१,१५९२ र १५९३ मिति २०७७/०६/२६ को बैठकको निर्णयको उतार गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) बाट मिति २०७७/०६/३० च.नं. १२३० को पत्र साथ प्राप्त भएको व्यहोरा बैठकमा अवगत भयो । हरेक कार्यालयले सम्वद्ध विषयमा सो अनुरुप कार्यान्वयन गर्ने गराउने ।

५. कोभोड-१९ संक्रमण जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापनकालागि स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत स्वस्फुर्त रुपमा क्रियाशील रहने ।

६. चालु आ.ब.२०७७/०७८ को ३ महिना व्यतित भै सकेको अवस्थामा वार्षिक कार्यक्रम स्वीकृत भई कार्य योजना/कार्य तालिका बनाई कार्यान्वयन गर्न गराउन र प्रतिवेदन गर्न सम्वद्ध हरेक कार्यालय प्रमुखले उत्तरदायित्व वहन गर्ने ।

**प्रमुख जिल्ला अधिकारी**

७. सूचनाको हक स्थापित गर्दै पारदर्शीता एवम् जवाफदेहिता वहन गर्न देहाय अनुरुप गर्ने ;

- वार्षिक कार्यक्रम/कार्ययोजना/कार्यतालिका राखे/सार्वजनिक गर्ने ।
- सूचना अधिकारीको पद, नाम थर, इमेल र सम्पर्क नं. अध्यावधिक गरी जिल्ला प्रशासन कार्यालयमा तुरुन्त उपलव्ध गराउने ।
- सूचना अधिकारीलाई सूचना उपलव्ध गराई सूचना अधिकारीको भूमिका प्रभावकारी तुल्याउने ।
- कानूनी व्यवस्थाको पालना गर्ने ।
- कार्यक्रम योजना स्थलमा : लागत रकम, काम लभान्वित क्षेत्र, व्यवसायी वा उपभोक्ताको विवरण, सम्पन्न हुने अवधि समेत खुल्ने गरी टाँग्ने ।

८. सम्वद्ध स्थानीयत तहले नदीजन्य/खानी जन्य पदार्थको उत्खन्न/उपयोग-स्वीकृत मापदण्ड विपरित हुन नदिने ।

२०७७/६/१५

प्रमुख जिल्ला अधिकारी